नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, कार्त्तिक १३ गते, २०७५ साल (संख्या ३८

भाग ३

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय

वैकल्पिक ऊर्जा विकास समिति (गठन) (सातौं संशोधन) आदेश, २०७५

वैकल्पिक ऊर्जा प्रवर्द्धन विकास समिति गठन आदेश, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "वैकल्पिक ऊर्जा विकास समिति (गठन) (सातौं संशोधन) आदेश २०७५" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३को दफा २ मा संशोधनः** वैकल्पिक ऊर्जा विकास समिति (गठन) आदेश, २०५३ (यसपछि "मूल आदेश" भनिएको) को दफा २ को,-

(१) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "ऊर्जा दक्षता" भन्नाले मेशिन, उपकरण वा उपायको माध्यमबाट सेवा वा वस्तुको उत्पादनमा आपूर्ति हुने उर्जाको परिमाणमध्ये खेर जाने उर्जाको हिस्सा न्यून गरी आवश्यक उर्जाको उपभोग घटाएर सेवा वा वस्तुको उत्पादन वृद्धिबाट उर्जाको उत्पादकत्व बढाउने कार्य सम्झनु पर्छ।

(२) खण्ड (ग१) झिकिएको छ ।

(३) खण्ड (घ) मा रहेका "सह अध्यक्ष" भन्ने शब्दहरू झिकिएका छन् ।

(४) खण्ड (ङ१) को सट्टा देहायको खण्ड (ङ१) राखिएको छ :-

"(ङ१) "मन्त्रालय"भन्नाले ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ।"

३. <u>मूल आदेशको दफा ३ मा संशोधन</u> : मूल आदेशको दफा ३ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ :-

"(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्य रहनेछन् :-

(क) मन्त्री, ऊर्जा, जलस्रोत तथा सिंचाइ -अध्यक्ष

(ख) सदस्य, राष्ट्रिय योजना आयोग (ऊर्जा क्षेत्र हेर्ने) -उपाध्यक्ष

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि(रा.प.प्रथम श्रेणी),उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), वन तथा वातावरण मन्त्रालय -सदस्य

(च) प्रतिनिधि (रा.प.प्रथम श्रेणी), अर्थ मन्त्रालय -सदस्य

(छ) कार्यकारी निर्देशक,नेपाल विद्युत प्राधिकरण-सदस्य

(ज) वैकल्पिक ऊर्जा वा ऊर्जा दक्षतामा कर्जा प्रवाह गर्ने नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त "क" वर्गका बैङ्क मध्ये समितिको सिफारिसमा मन्त्रालयले मनोनयन गरेको एक जना प्रतिनिधि -सदस्य

(झ) वैकल्पिक ऊर्जा वा ऊर्जा दक्षता प्रविधिको विकास सम्बन्धी काममा

संलग्न गैरसरकारी संस्थामध्ये
समितिको सिफारिसमा मन्त्रालयले
मनोनयन गरेको एक जना प्रतिनिधि -सदस्य

(ञ) लघु जलविद्युत, सौर्य ऊर्जा वा
बायोग्यासको क्षेत्रमा कार्यरत निजी
क्षेत्रका संघ संस्था मध्ये समितिको
सिफारिसमा मन्त्रालयले मनोनयन
गरेको एक जना प्रतिनिधि -सदस्य

(ट) कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा
प्रवर्द्धन केन्द्र -सदस्य-सचिव।"

(२) उपदफा (३) मा रहेका "वैकल्पिक उर्जाको" भन्ने शब्दहरू पछि "वा उर्जा दक्षताको" भन्ने शब्दहरू थपिएका छन् ।

४. <u>मूल आदेशको दफा ४ मा संशोधन</u> : मूल आदेशको दफा ४ को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) नेपाल सरकार, विदेशी सरकार वा राष्ट्रिय वा अन्तराष्ट्रिय संघ-संस्थाबाट प्राप्त स्रोत साधनको आधारमा तयार गरिने वैकल्पिक ऊर्जा तथा उर्जा दक्षता विकास कार्यक्रमहरु प्रदेश र स्थानीय तहसम्म प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने।"

(२) खण्ड (ठ१) पछि देहायका खण्ड (ठ२) र (ठ३) थपिएका छन्:-

"(ठ२) नवीकरणीय ऊर्जा सम्बन्धी जलवायु परिवर्तन तथा कार्वन उत्सर्जन न्यूनीकरण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्ने,

(ठ३) ऊर्जा दक्षतासम्बन्धी कार्यहरू गर्ने।"

५. <u>मूल आदेशको दफा ५ मा संशोधन</u> : मूल आदेशको दफा ५ को उपदफा (५)को सट्टा देहायको उपदफा (५) राखिएको छ :-

"(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ।"

आज्ञाले,
तोयानाथ अधिकारी
नेपाल सरकारको सहसचिव